# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## नेपाल राष्ट्र बैंक समाचारको वार्षिकोत्सव विशेषाङ्क छपाई गर्ने वारेको शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७०।१०।२७)

यस बैंकको ५९ औं वार्षिकोत्सवको उपलक्ष्यमा नेपाल राष्ट्र बैंक समाचार वार्षिकोत्सव विशेषाङ्क छपाई गर्नु परेकोले छपाईगरी आपूर्ति गर्न गराउन ईच्छुक फर्म/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (मिति २०७०/११/१२ गते दिनको ४.०० वजेसम्म) दरभाउपत्र फाराम सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँटबाट रु. ५००।- (अक्षरेपि पांच सय मात्र) (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ । दरभाउपत्र मिति २०७०/११/१३ गते (सो दिन सर्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) दिनको १.०० बजे भित्र सामान्य सेवा विभागमा आईपुग्ने गरी पेश गर्न सकिनेछ । दरभाउपत्र सोही दिन अपरान्ह ३.०० वजे खोलिनेछ ।

दरभाउपत्रसाथ दरभाउपत्र जमानत वापत आफुले कबोल गरेको रकमको पाँच प्रतिशतले हुने रकममा नघटाई यस बैंकको थापाथली स्थित **खाता नं. ११०९९०१/०११.०००.५२४ (साविकको सा.हि.नं ९)** मा नगदै जम्मा गरेको सक्कल भौचर (भौचरको पछाडि पट्टी **नेपाल राष्ट्र बैंक समाचारको वार्षिकोत्सव विशेषाङ्क छपाई गर्ने वारे** लेखी फर्म/कम्पनीको नाम अनिवार्य रुपमा खुलाउन पर्ने र दस्तखत गरी छाप समेत लगाउनु पर्नेछ) वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ६० दिन अवधि भएको यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानतपत्र संलग्न गर्नु पर्नेछ । दरभाउपत्र सम्वन्धी सम्पूर्ण शर्त तथा विवरणहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन । साथै यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।

सामान्य सेवा विभाग
बालुवाटार